नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 19 No 6 Monthly International Edition of Herald of His Coming June 2018

वर्ष १९, अङ्क ६ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (असार, २०७५)

को बिहानै उठेर प्रार्थना गर्छ

Who Will Rise Early and Pray

By H.W. Hodge

Vol. 76 No.11(911)

येशूले हामीलाई उदाहरण छोडिदिनुभएको छ। "बिहान उज्यालो हुनुभन्दा धेरै अघि उठेर उहाँ बाहिर एकान्त ठाउँमा जानुभयो र त्याहाँ प्रार्थना गर्नुभयो।" (मर्कूश १:३५)

को मसँग बिहान उठ्नुहुन्छ ? को ख्रीष्टको नजिक आउन चाहन्छ र उहाँसँग प्रार्थना गर्छ र स्वर्गको निम्ति बाटो तयार गर्दछ ? के तपाईंतयार हुनुहुन्छ ? परमेश्वरको अनुग्रहमा के तपाईंले मलाई प्रार्थनामा हात दिन सक्नुहुन्छ ? के तपाईंले मेरो परिवारलाई अन्धकारको शक्तिबाट जोगाउनलाई प्रार्थना गर्न सक्नुहुन्छ ? के यसो गर्न तपाईंलाई हृदयदेखि आउँदछ ? यदि तपाईं मसँग प्रार्थनामा बिहान सबैरै उठेर साथ दिनुहुन्छ भने तपाईंको जीवनमा यी घटनाहरू हुन्छन्-

१) आफैंले आफैंलाई त्याग्नु पर्छ - म तपाईंलाई बिहान सबेरैको प्रार्थनामा बोलाउँछु तर मेरो शरीर त्यो गर्न चाहँदैन, म त्यसलाई त्याग्नुस् भन्दछु। आफैंले आफैंलाई केही पनि होइन भन्न सक्नु जीवनको नियम हो। म तपाईंलाई तपाईंको इच्छामा गर्दै आएका कार्यलाई त्यागिदिनुहोस् भन्दछु र परमेश्वरलाई पुकार्नुस् कि जब तपाईं उहाँलाई पुकार्नुहुन्छ तब तपाईंका आँखाबाट आँसु बगोस् र हृदय फुटेर टुक्राटुक्रा बनोस् जसले गर्दा पवित्र आत्मा हामीमा आएर सबै मिलाई दिनु भएको होस्। उहाँले हामीलाई यो संसारबाट भिन्दै बनाउनु भएको होस्। यदि हामीले साँच्चै बिहानको प्रार्थना गर्न चाहन्छौं भने बिहानको हाम्रो मनले चाहेको चाहनालाई त्याग्न सक्नुपर्छ, विस्ताराबाट बाहिर आउन सक्नुपर्छ र आफ्नो परिवारदेखि केही समयको निम्ति अलग हुनै सक्नुपर्छ। अब तपाईं सुत्ने र आराम गर्ने कि परमेश्वरमा आफ्ना इच्छालाई त्यागेर उठेर प्रार्थना गर्ने त्यो तपाईंको विचार हो यदि उठेर प्रार्थना गर्न चाहनु भयो भने परमेश्वरले तपाईंलाई सहायता गर्नु हुन्छ।

२) बिहानीको प्रार्थनामा खुसी हुनु सक्नुपर्छ - आठ वर्ष अगाडि कसैले मलाई बिहानीको प्रार्थना तिमीले गर्नु पर्छ भन्नु भयो। यो भन्दा अगाडि मैले कहिल्यै पनि बिहानी प्रार्थना गरेको अनुभव थिएन। यसमा म सफल हुन सके। सुरुमा मलाई निकै गाह्रो भयो। मेरा विचारहरूलाई त्याग्न निकै लामो समय लाग्यो शैतानले यो गर्न सजिलोसँग दिएन। मानिसले यस्तो काम गर्न सजिलो थिएन। सबै स्वर्ग र पृथ्वीका थोकहरू यसको विरुद्धमा उठेका हुन्छन्।

ओ परमेश्वरका जन हो, आफैंले आफैंलाई उचाल्नु भनेको मृत्युको सिद्धान्तलाई अपनाउनु हो भने आफैंले आफैंलाई तुच्छ ठान्नु भनेको जीवनको सिद्धान्तलाई अपनाउनु हो। परमेश्वरसँग हुनुको आनन्द भनेको घण्टौ प्रार्थना गर्दा पनि थाकिदैन र संसारको मानिसहरू उठ्नुभन्दा अगाडि नै उठेर परमेश्वरसँग बातचित गर्नुले हाम्रो जीवनमा आइपर्ने अप्ठ्याराहरू हटेर जान्छन् र हाम्रो जीवनमा उहाँको हर्ष र आनन्दले पूर्ण बनाउँदछ, कसैले भावुक भएर गरेको कार्यलाई म विश्वास गर्दिन ।

हामीले प्रार्थना गर्दा यसरी गर्नुपर्छ-

१) गोप्यमा लगातार प्रार्थना गरिरहनु पर्छ, जबसम्म उत्तर पाईंदैन।

२) संसारले र परिवारले प्रार्थनामा बाधा नल्याउने समय छान्नुपर्छ।

३) परमेश्वरले सबै मानिसले आफ्ना

पवित्र हातमाथि उठाएर प्रार्थना गरेको चाहनुहुन्छ ।

४) अरूले भन्दा बढी प्रचारकले प्रार्थना गर्नुपर्छ ।

५) यो अगुवा पाष्टरको निम्ति अरूको बोझ उठाएर प्रार्थना गर्नुपर्ने कार्य हो मण्डलीका सबै विश्वासीलाई उत्तिकै प्राथमिकता दिएर साथै परिवारको निम्ति र आफ्ना भेडाहरूका निम्ति अन्तर बिन्ती गरिनु पर्छ ।

६) येशूसँगको छोटो कुराकानी वा प्रार्थनाले यी माथिका जिम्मेवारीपूर्ण काम गर्न सकिँदैन, त्यसैले लामो समय खीष्टसँग प्रार्थना गरेर उहाँको अगुवाइमा काम गर्नुपर्छ ।

७) हामी येशूले गरेको प्रार्थनाजस्तै गरी उहाँलाई पच्छ्याउनु पर्छ । जस्तै "बिहान उज्यालो हुनुभन्दा धेरै अघि उठेर उहाँ बाहिर एकान्त ठाउमा जानुभयो र त्यहाँ प्रार्थना गर्नुभयो ।" (मर्कूश १:३५) र "तिनीहरूसँग बिदा भएपछि उहाँ चाहि डाँडामा प्रार्थना गर्न जानुभयो ।" (मर्कूस ६:४६) साथै, "ती दिनमा उहाँ पहाडतिर प्रार्थना गर्न जानुभयो, र परमेश्वरसँग प्रार्थना गर्दै पूरै रात बिताउनु भयो ।" (लूका ६ : १२)

हाम्रो प्रार्थनामा जहिले पनि आत्मिकी लडाई भइरहेको हुनुपर्छ कि उसले हाम्रो आत्मालाई खोसेर लैजान चाहन्छ तर आत्मामा दह्रो भएर उहाँलाई हामी पूर्णशक्तिको निम्ति प्रार्थना गर्नु पर्छ । जसले गर्दा हाम्रो शरीरका अभिलाषा मनको घमण्ड सबै प्रकारका सेखीहरू हटेर जाओस ताकि हामी हाम्रो सांसारिक जीवन शैलीलाई त्यागेर आत्मिकी जीवन धारण गरेर असल प्रार्थनाका योद्धा बनेर बिताउन सकौं । यो केवल बिहानीको प्रार्थना र परमेश्वरसँग बिताएको समयको अर्थ हो । उहाँमा सफलता छ ।

परमेश्वरलाई आदर गर्नु (Honoring God)

... मलाई आदर गर्नेलाई म आदर गर्छु ..." (१ शमूएल २:३०)

यो खण्डमा परमेश्वरलाई हामीले आदर दिनुपर्छ र त्यो कसरी भन्ने बारेमा केही कुरा जानकारी लिनेछौं ।

प्रभु प्रभु नै हुनुहुन्छ - यसले हामीमा उहाँप्रति सकारात्मक सोचाइ छ भन्ने देखाउँदछ । जबसम्म हामीले परमेश्वरको चरित्रको बारेमा पवित्र धर्मशास्त्रले के भन्दछ भनेर ठिक प्रकारले थाहा पाउदैनौं, तबसम्म उहाँ को हो भनेर पत्ता लगाउन सक्दैनौं । उहाँलाई साँचो आदर दिन सक्दैनौं । साँचै हामीले हेऱ्यौ भने धेरै मानिस ईश्वर छैन भन्ने पाउदछौं किनकि उनीहरूलाई खीष्टको अस्तित्वको बारेमा थाहा छैन । पवित्र धर्मशास्त्रलाई उनीहरूले इन्कार गर्दछन् र परमेश्वर भनेको केही पनि होइन त्यसको कुनै शक्ति छैन भन्ने गर्दछन् । त्यसैले उहाँसँग यी जातिहरूको ठूलो गुनासो छ, "तैंले यो सब काम गरेको छस् र म चुप लागे तैंले सोचिस् म सर्वथा तँजस्तै छु । तर म तँलाई हप्काउने छु र तेरै मुखको अघि तेरो दोष देखाउनेछु ।" (भजनसंग्रह ५०:२१) उहाँ पूर्ण रूपले परमेश्वर हुनुहुन्छ उहाँ डरलाग्दो न्याय कर्ता हुनुहुन्छ उहाँ पूर्णरूपमा पवित्र हुनुहुन्छ उहाँ सधैँ काम गरिरहने कार्यकर्ता हुनुहुन्छ ।

परमेश्वर अति भययोग्य र महिमामा काम गर्ने र भय योग्य पवित्रतामा अति महान् हुनुहुन्छ । उहाँ पवित्रातामा ऐश्वर्यमा विभूषित हुनुहुन्छ (प्रस्थान १५ : ११, भजनसंग्रह १०४:१) उहाँ हाम्रो हृदयदेखि आदर गर्न योग्यको हुनुहुन्छ । (यशैया ८:१३) उहाँलाई आदर गर्नु भनेको उहाँ हेर्नु चाख्नु र उहाँका आज्ञालाई पालन गर्नु हो । उहाँ हाम्रो आराधानामा आदर गर्नको योग्य हुनुहुन्छ, "पवित्रा जनहरूको सभामा परमेश्वरको भय साह्रै मानिएको छ उहाँको वरिपरि हुनेहरू मध्ये उहाँ धेरै विश्मयकर हुनुहुन्छ ।" (भजनसंग्रह ८९:७) साथै "उहाँको नाउको महिमाको स्तुति गाओ, उहाँको प्रशंसालाई महिमित तुल्याओ ।" (भजनासंग्रह ६६:२)

२) पुत्रको आदर गर्नु - खीष्टलाई आदर गर्नु भनेको अरू कसैले पनि ठाउँ लिन सक्दैन । परमेश्वरले पवित्र आत्माद्वारा बेथलेहममा पठाउनु भयो । "सर्वोच्चमा परमेश्वरलाई महिमा र पृथ्वीमा जुन मानिससँग उहाँ प्रसन्न हुनुहुन्छ तिनीहरूलाई शान्ति ।" (लूका २:१४)

उहाँ यूहन्नाद्वारा बप्तिस्मा लिनुभयो, त्यो समयमा आकाश उघ्रियो र एउटा आवाज आयो यिनी मेरा प्रिय पुत्र हुन जससँग म अति नै प्रसन्न छु । (मत्ती ३:१७) जब उहाँले क्रूसमा दुःख भोगिरहनु भएको थियो, त्यतिखेर उहाँ परिक्षीत हुनुभएको थियो, उहाँले प्रमाणित गरेर देखाउनु भयो सबैले भने साच्चै यिनी परमेश्वरका पुत्र रहेछन् (मत्ती २७:५४) उहाँले यस पृथ्वीमा गर्नुपर्ने सबै कार्य सिद्धाएपछि उहाँ स्वर्ग चढी जानुभयो र अहिले पिताको दाहिने बाहुलीपट्टि विराजमान हुनु भएको छ । (यूहन्ना ५:२३) सबै प्रकारका आराधनाले पुत्रको नाउँमा पिताको महिमा भएको हुन्छ (प्रकाश ५ अध्याय)

हामी आराधाना गर्दा येशू खीष्टको अचम्मको कार्यको घोषणा गर्दै गर्दछौं र उहाँको जुवालाई आफ्नो काँधमा लिएर उहाँको आज्ञालाई पालना गर्दै, उहाँले भनेको जस्तो आज्ञामा आज्ञाकारी हुँदै उहाँको धैर्यताको सम्झना गर्दै आराधना गर्दछौं जसबाट येशू खीष्टलाई त महिमा मिलेको हुन्छ, साथसाथै पिताको पनि

महिमा भएको हुन्छ ।

३) उहाँको वचनको आदर गर्दै- "म तपाईंको पवित्र मन्दिरतिर फर्केर दण्डवत गर्नेछु र तपाईंको करुणा र विश्वासनियताको निम्ति तपाईंको नाउँको प्रशंसा गर्नेछु किनभने तपाईंले आफ्नो नाउ र आफ्नो वचन सबै कुरा माथि उच्च पार्नु भएको छ ।" (भजनसंग्रह १३८:२) संसारमा भएका सबै थोकहरू भन्दा उहाँको वचन माथि राख्नु भएको छ । उहाँको वृद्धि र शक्ति सबै कुरा भन्दा माथि राख्नु भएको छ । उहाँको बुद्धि र शक्ति सबै कुराभन्दा माथि छ उहाँले बोल्नुभएको वचनमा विशेष प्रकारको शक्ति छ यी सबैले थोकलाई हेर्दा हामीले उहाँलाई सत्यप्रकारले आदर गर्नुपर्दछ । कुनै प्रकारको प्रश्नबिना नै उहाँको वचन प्रकट भएको छ । जुन वचन परमेश्वरबाट प्रेरणा भएर आएको थियो । यो कहिल्यै पनि मानिसलाई सच्चाउन अर्तीदिन, सुधार्न ठीक बाटोमा हिँडाउन प्रकट भएको थियो । धर्मशास्त्रले यहि भन्दछन् कि परमेश्वरको वचन दिनरात मानिसहरूकहाँ प्रकट हुन्छ र त्यसले सान्त्वना दिन्दछ छुटकारा दिदछ यसले चुङ्गाई दिदछ, यसले शिक्षा दिदछ । त्यसैले परमेश्वरको आदर गर्दा उहाँको वचनको पनि आदर गर्नु पर्दछ उहाँको वचनको आदर गर्दा उहाँलाई महिमा मिलेको हुन्छ ।

उहाँको सुसमाचार दिएर आदर गर्नु- जति परमेश्वरको सुसमाचारमा आज्ञाकारी भएर प्रचारप्रसार गर्न सक्यो त्यति परम प्रभु परमेश्वरको महिमा भएको हुन्छ । यसबाट उहाँलाई आदर मिलेको हुन्छ । उहाँको आज्ञा पालन गर्नु भनेको उहाँलाई महिमा दिनु हो । पापीहरूले आफ्नो पाप स्वीकार गर्नु र उहाँसँग हुनुमा उहाँले मानिसको पाप क्षमा गरी त्यसलाई आफ्नो स्वर्गको राज्यको भागिदार बनाउनु भएको हुन्छ "यसकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिने छैन किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ ।" (रोमी ३:२०) परमेश्वरको वचन प्रचार गरेर मात्र मानिसले आफ्ना पाप स्वीकार गर्दछन् जब मानिस परिवर्तन भई उहाँमा आउदछन् त्यसबाट परमेश्वरपितालाई महिमा भएको हुन्छ । पावलले यसरी भन्दछन् "किनकि सु-समचारसित म सर्माउदिन । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिका निम्ति यो परमेश्वरको शक्ति हो । पहिले यहूदीहरूका निम्ति र अन्य जातिका निम्ति पनि ।" (रोमी १:१६) सत्य परमेश्वरलाई आदर दिनु भनेको उहाँको सुसमाचार प्रचार गरेर पनि हो ।

५) पवित्र आत्मालाई आदर गरेर- पवित्र आत्माले हामीलाई उहाँ सुसमाचार सुनाउन प्रचारप्रसार गर्न सहायता गर्नु हुन्छ भन्ने हामी बिर्सनु हुँदैन । पवित्र आत्माको अगुवाई विना हामी न त असल विश्वासी नै बन्न सक्छौ न त असल काम नै गर्न सक्छौं । जकरियाले यसरी भन्दछन् "त्यसैले तिनले मलाई भने, यरुबाबेलको निम्ति परमप्रभुको यो वचन छ, न ता बलले न शक्तिले तर मेरो आत्माले सर्वशक्तिमान परमेश्वरले भन्नु हुन्छ ।" (जकरिया ४:६) विशेष गरेर जवानहरूलाई यसले उत्साह दिँदछ र उनीहरूलाई अझ धेरै विश्वास होस् र आत्माले उनीहरूलाई विशेष प्रकारको बल शक्ति प्रधान गरिदिनुहोस् । त्यसैले हाम्रा घुँडाहरू उहाँको निम्ति टेक्न सकुन् र यसबाट उहाँलाई धेरै भन्दा धेरै महिमा मिल्न सकेको होस् ।

६) उहाँलाई आदर गर्नुपर्ने कारण - "आफ्नो धनसम्पत्ति र आफ्नो सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर ।" (हितोपदेश ३:९) याद गर्नुहोस् जसले यो दिनुहुन्छ "परमप्रभु तिमीहरूका परमेश्वरलाई सम्झ, किन किन उहाँले नै तिमीहरूलाई धनसम्पत्ति प्राप्त गर्ने शक्ति दिनुहुन्छ, यसरी नै उहाँले तिमीहरूका पुर्खाहरूसित बाध्नु भएको करार स्थिर गर्नुहुन्छ जो आजसम्म छँदैछ ।" (व्यवस्था ८:१८) के तपाईं विश्वास गर्नुहुन्छ कि उहाँले यी सबै हाम्रो जीवनमा गर्नुहुन्छ भनेर ? विश्वास गरेर हेर्नुहोस् । परमेश्वरले आफ्नो महिमाको निम्ति उहाँले हामीलाई चलाउनुहुन्छ । हामीले कसरी पैसा कमाउँछौ भन्ने सबै उहाँको हातमा हुन्छ र हामी उहाँलाई करारी दिन्छौ सबै उहाँलाई थाहा हुन्छ । मर्कूशको पुस्तकले यसरी भन्दछ, "अनि उहाँ मन्दिरको भेटी चढाउने ठाउँको सामुन्ने बस्नुभयो र भिडले भेटीपात्रमा भेटी चढाएको हेर्नुभयो । धेरै धनि मानिसहरूले ठूला ठूला रकम चढाए । अनि एउटी गरिब बिधवाले आएर तामाका दुई सिक्का अर्थात् एक पैसा चढाई । (मर्कूश १२ : ४१-४२) परमेश्वरले हामीलाई दिनु भएर मात्र हामी दिन्छौं । उहाँलाई असल मनले दिदा पनि परमप्रभुको महिमा भएको हुन्छ यसबाट हामी उहाँलाई आदर दिएका हुन्छौं ।

खीष्टले भन्नुभयो जसले मलाई आदर गर्दछ म त्यसलाई आदर गर्नेछु । सम्पूर्ण इतिहासले नै यो बताउदछ । परमेश्वरलाई आदर दिने कार्य र यसलाई अरूलाई फैलाउनुले नै हामी थाहा गर्न सक्दछौं । उहाँको सुसमाचार प्रचार गरेर, उहाँमा भर परेर उहाँको सत्यवचनमा निर्भर भएर पवित्र आत्माले भरिपूर्ण बनेर उहाँका सम्पूर्ण कार्यको कारणलाई याद गर्दै बढीभन्दा बढी परमेश्वरलाई महिमा दिन सकिन्छ जसले उहाँलाई आदर मिलेको होस् ।

हामी तपाईंकै हौ तल आउनुहोस् प्रभु !

Come down Lord ! We belong to you

By Roger Ellsworth

Vol. 76 No. 11(911)

पवित्र बाइबलमा यशैयाले प्रभुलाई हामी तपाईंकै हो, तपाईं हामीसँग रहनुहोस् प्रभु भनी विशेष पुकारेको पाउदछौं । उनी यसरी भन्दछन्, "अब हे परमप्रभु तपाईं हाम्रा पिता हुनुहुन्छ । हामी माटो हौ र तपाईं चाहि कुमाले हुनुहुन्छ । हामी सबै तपाईंका हातका कार्य हौं । हे परमप्रभु ज्यादै क्रोधित नहुनुहोस् । हाम्रा पापहरू सधैं भरि सम्झी नरहनुहोस् विन्ती छ, हामी माथि निगाह रहोस् किनकि हामी सबै तपाईंकै प्रजा हौ । तपाईंका पवित्र सहरहरू मरुभूमी भएका छन् सियोन समेत मरुभूमी भयो, यरुशलेम ध्वस भयो । हाम्रा पवित्र र गौरवमय मन्दिर जहाँ हाम्रा पिता पुर्खाहरूले तपाईंको प्रशंसा गर्थे, त्यो आगोले डढाइएको छ र हामीले मूल्यवान ठानेका वस्तुहरू भग्नावशेष भएका छन् । यी सबै कुरा भएपछि हे परमप्रभु के तपाईं पछिपछि हट्नुहुन्छ ? के तपाईं चुपचाप बसेर हामीलाई नाप भन्दा ज्यादै सजाय दिनुहुन्छ ?" (यशैया ६:८-१२)

हामीले यशैयाले प्रभुलाई तल आउनुहोस् भनेर बोलाएको कुरालाई पच्छाउदछौं र उहाँको शक्ति माथि हामी विश्वास गर्दछौं । यशैयाले प्रभुलाई विभिन्न शक्तिशाली वार्ताद्वारा आफ्ना मानिसको नजिकमा बोलाएका छन् । उनले परमेश्वरले बाँध्नुभएको करारलाई सम्झना गर्दै उहाँलाई पुकार्दछन् । यशैयाले आफ्ना मानिसको बीचमा परमेश्वर आउनु भएर उनीहरूलाई नयाँ बनाउनु भएको होस् भनेर बोलाउदछन् । उनले भन्दछन् "हामी सबै तपाईंका हातका सीप हौं । (पद ८) केही पछि उनले भन्दछन् कि, "हामी सबै तपाईंकै प्रजा हौं" (पद ९) उनले यहूदाको सहरलाई तपाईंको भूमि भनेर सम्बोधन गर्दछन् (पद १०) यसरी परमेश्वरसँग वर्तालाप गर्दा गर्दै उनले परमेश्वरको मुख्य मानिस मोशाको बारेमा बोल्दछन् । मोशाले धेरै पटक आफ्ना जातिलाई नष्ट हुन देखि बचाउनलाई प्रभुसँग अपिल गरेको पाउदछौं । मोशाले यदि तपाईंले आफ्नो प्रतिज्ञा मबाट पूरा गर्नुभएन भने म यी तपाईंका जातिलाई प्रतिज्ञाको मुलुकमा पुऱ्याउन सक्ने छैन । परमेश्वरले यो गर्ने प्रतिज्ञा गर्नुभएको छ । यदि तपाईंले उहाँको प्रतिज्ञालाई अपमान गर्नुभयो भने इस्राएलीहरूले भन्दा धेरै तपाईंलाई नोक्सानी बेहोर्नु पर्नेछ । हामीलाई प्रतिज्ञा गर्नु भएका सबै काम गर्नु पर्दछ । जसरी परमेश्वरले मोशासँग वार्ता गर्नुभयो यी हठीहरूलाई म भष्म पार्नेछु तर मोशाले परमेश्वरसँग बिन्ती गरे यी जातिलाई बचाउनुहोस् (प्रस्थान ३२:९-१४) (गन्ती १४:११-२०)

यहाँ यशैयाको प्रार्थनालाई महत्वको ठान्न सकिन्छ यशैयाले आफू पश्चाताप गर्दै आफ्ना जातिको निम्ति सम्झना गराउँदछन् । त्यसैबाट उनले परमेश्वरको आदर गरेका छन् । यो साँचो प्रार्थना हो । यस्तो प्रकारको सत्य र निस्वार्थी प्रार्थना अहिले कतै सुन्न पाइदैन साथै हामी कत्तिको आत्मिक छौं दाँज्ने मौका पनि छ । यदि हामी यसरी यशैयाले जस्तो प्रार्थना गर्दछौं भने हामीले उहाँले गर्नुभएको प्रतिज्ञालाई याद गर्नुपर्दछ यदि हामी सच्चै नै सत्य परेश्वरमा छौं भने हामीले पश्चाताप गर्नु पर्छ ।

१) परमेश्वर हाम्रो निम्ति असल हुनुहुन्छ- तपाईंले कति लामो समयसम्म परमेश्वरको सन्तान हुने मौका पाउनु भएको छ ? याद गर्नुहोस् यदि परमेश्वर केही समयको लागि हो भने, यशैयाले गरेको जस्तो प्रार्थना गरि उहाँको नजिक जानुपर्छ यशैया ६३:१६-१७, ६४:८-९, १२) र यो के गर्ने प्रभु ? तपाईं माहाराज हुनुहुन्छ । यशैयाको भनाई अनुसार यो नै परमेश्वर हो । उहाँ सत्य परमेश्वर जसले मानिसहरूको बीचमा शासन गर्नुहुन्छ । यशैयाले गरेको यस्तो प्रकारको प्रार्थनाले परमेश्वरको बारेमा बताउँदछ । यशैयाले भन्दछन्, "स्वर्गबाट हेर्नुहोस् र आफ्नो उच्च र पवित्र र महिमित सिहासनबाट तल दृष्टि गर्नुहोस् ... ।" (यशैया ६३:१५) परमेश्वर उच्चामा हुनुहुन्छ उहाँले तल हेर्नुपर्छ उहाँ हाम्रो बीचमा अचम्म प्रकारले रहनुहुन्छ फेरि यशैयाले भन्दछन् 'उच्च र पवित्र र महिमीत सिंहासनबाट तल हेर्नुहोस् । यहाँ परमेश्वरको महानता छ । उहाँका बानीहरू पवित्र र महिमीत छन् । हरेक समयमा पवित्रता र महिमाले उहाँमा वास गरेको हुन्छ ।

यशैयाले भन्दछन् परमेश्वर अति नै महान् हुनुहुन्छ उहाँले हाम्रो सबै

थोक जान्नुहुन्छ र बताउनुहुन्छ । "उहाँको बाटो हेर्नेहरूको निम्ति काम गर्नु हुने तपाईं बाहेक अरू कोही परमेश्वर छ भनी कसैले प्राचीनकालदेखि नै कहिल्यै सुनेको छैन । न त कानले सुनेको छ न आखाले देखेको छ ।" (यशैया ६४:४) यदि हामीले उहाँको बारेमा सुनेका र जानेका छैनौं भने हामी कसरी उहाँको हुन सक्यौ त ? परमेश्वरको महिमा र राज्यमा हुनु भनेको यशैयाले भनेका कुरालाई सुन्नु र मान्नु हो । यशैया यसरी भन्दछन्, "तर तपाईं त हाम्रा पिता हुनुहुन्छ... ।" (यशैया ६३:१६, ६४:८) परमेश्वर जसले अचम्म प्रकारले मानिसहरूको बीचमा काम गर्नुहुन्छ हामीले उहाँलाई पिता भनेर सम्बोधन गर्दछौं । कसरी यस्तो हुन सक्छ ? त्यहाँ एक मात्र उत्तर छ परमेश्वरले हाम्रो बीचमा अनुग्रह पठाइरहनु भएको छ जसले गर्दा हामी उहाँलाई चिन्न सक्ने शक्ति प्रदान गर्दछ । यदि हामी उहाँका हौ भने, यो ऋणमा हुँदैन । हामीसँग केही पनि छैन कि परमेश्वरलाई यो गर्नु त्यो गर्नु भन्नलाई तर परमेश्वर आफैंले तल हेर्नुहुन्छ । के तपाईंले परमेश्वरको के हो त ? भनेर स्वीकार्नु हुन्छ ? यो संसारको उच्च शासक भएर पनि उहाँले हामीलाई स्वीकार्नु हुन्छ कुनै पनि कुरा मनमा नराखी आफ्नो बनाउनु हुन्छ । जसले उहाँलाई विश्वास गर्दछ त्यसलाई उहाँले चुन्नु भएको छ । कस्तो अचम्मको मौका परमेश्वरको सन्तान हुन पाउनु । उहाँलाई चिन्नेहरूका निम्ति उहाँ कति असल हुनुहुन्छ ।

२) हामीले परमेश्वरको आदर गर्नुपर्छ - हाम्रो निम्ति सबै थोक गरेपछि यो हामीले प्राकृतिक तरिकाले स्वीकार गर्नु पर्छ । हामी यशैयाका मानिसभन्दा दयालु चाहिछैनौं । यशैयाले आफ्ना मानिसहरूको निम्ति पूर्णरूपमा पश्चाताप गरेर भन्दछन् कि यति ठूलो मौका पाउँदा पनि उनीहरूले मौकालाई नलिएको गुनासो गर्दछन् । उनले सबै प्रार्थनामा आफ्ना मानिसहरूका निम्ति पश्चाताप र बचाउन गरेका छन् ।

सबैभन्दा डरलाग्दो कुरा यशैयाले आफ्ना मानिसको निम्ति यति प्रार्थना गरेका छन् तर यी इस्राएलीहरूले उहाँ हाम्रो पिता हुनुहुन्छ भन्ने कुरा बिर्सेका छन् । तरै पनि उनले यही भन्दछ कसैले नस्वीकारे पनि तपाईं हाम्रो पिता नै हुनुहुन्छ (यशैया ६३:१६) यदि याकूबले तिनीहरूलाई हेरेनन् । उनले चिन्दा पनि चिनेनन् त्यसैले उनीहरू तिनीबाट छुट्टिएर आफ्नो घरतिर लागे । उनीहरूले आफ्ना घरानालाई पनि राम्रोसँग चिनेन । तर यशैयाले फेरि भन्दछन्, उनीहरू केही समयको लागि मात्र तपाईंपट्टि उत्तरदायी भए तपाईंको पवित्र स्थानलाई कुल्चिमिल्ची पारे । उनीहरू अब आफ्ना शत्रुबाट फर्केका छन् । यहाँ परमेश्वरका जन हुनुभन्दा ठूलो अब केही पनि छैन त्यो परमेश्वरका छोराछोरीमा मात्र सम्भव छ उहाँमा रहेर शत्रुहरूलाई हराउन सकिन्छ र विजयी जीवन पाउन सकिन्छ ।

अन्तमा यशैयाले आफ्नो प्रार्थनालाई यसरी अन्त गर्दछन्, कसैलाई पनि बिचलित नहुने प्रकारको, हामी तपाईंकै हौ (यशैया ६३ : १९) परमेश्वरले अधिन त गर्नुहुन्छ तर यी मानिसहरूलाई अधिन नगरीकन अशिक्षित गराउन चाहनुहुन्छ । अर्को शब्दमा भन्ने हो भने इस्राएलिहरूले जीवित परमेश्वरलाई छोडेर उनीहरूले बनाएको मूर्तिमा विश्वास गर्न थाले । परमेश्वरको आफ्ना मानिसहरूको बीचमा कुनै प्रकारको फरक थिएन । यदि हामीले परमेश्वरको आज्ञालाई मानेर रहनु परमेश्वरको छोराछोरीजस्तै हुनु मौका हो भन्ने सम्झनु पर्छ । हामीले यशैयाको प्रार्थनालाई हेरेर भन्न सक्छौं कि विना गनगन विचार गरेर हेरौं हाम्रो परमेश्वर आफ्नो कार्यमा उपस्थित भएर खाँचो पूरा गर्नु हुन्छ कि हुँदैन ? के हामी साँचो प्रकारले बाँच्न सकेका छौं ? के हाम्रो लागि परमेश्वरले केही नयाँ कुरा भन्नुहुन्छ । के त्यहाँ केही तत्व छ जसले हामीलाई परमेश्वरबाट टाढा लैजान्छ के हाम्रो वरिपरि भएका थोकले परमेश्वरको नजिक जानलाई बाधा बनाएको छ ? मलाई लाग्दछ कि हाम्रो प्रश्नको उत्तर पाउन उहाँको नजिक जानु पर्छ र पूर्णरूपले माग्नु पर्दछ । हामी परमेश्वरलाई झुट्टा गर्न सक्दैनौं । यसले हामीलाई यो बताउदछ कि परमेश्वरबाट उत्तर नपाउन्जेल प्रार्थना गरिरहनु पर्छ । यशैयाका मानिसले भन्दा बढी परमेश्वरबाट हामी टाढा हुन सक्दैनौं । परमेश्वरको अझ नजिक हुनलाई हामीले उहाँलाई खुशी पार्नु पर्छ ।

३) उहाँ हामीसँग जति खुसी हुनुहुन्छ त्यति काम गर्नुहुन्छ - हामीलाई यो सुन्न मन पर्दैन । यो चाहिँ परमेश्वरको नजिक हुनु भनेको प्राकृतिक कार्य हो । यदि हामीले जति गर्नुपर्ने हो त्यति गरेनौं भने उहाँले हाम्रो निम्ति गर्नुभएको होस् भन्ने आशा नराखे पनि हुन्छ । यशैयाका मानिसले परमेश्वरको विरुद्धमा अनगिन्ति प्रकारले पाप गरेका थिए । उनीहरूले आफ्नो सत्य परमेश्वरलाई बिर्सेर अरूको देवतालाई पुजेका थिए । उनीहरूले विभिन्न प्रकारका अनैतिक कार्यहरू गर्न थालेका छन् । त्यसैले परमेश्वरले के गर्नु भयो ? के उहाँले सजिलै स्वर्गबाट शान्ति खन्याउनु भयो र के उहाँले सजिलै

खुवाउनु भयो ? यो क्षणभरमा भएको हो भनेर विश्वास नगर्नुस् । परमेश्वरले उहाँका आफ्ना मानिसहरूको बिचमा कसरी पापलाई समाधान गर्ने भनेर विचार गरिरहनु भएको हुन्छ । उहाँले वर्षौंवर्ष सोचिरहनु भएको हुन्छ, त्यसपछि उहाँले यशैयाजस्ता मानिसलाई पठाउनु भएको हुन्छ र पश्चाताप गर भनेर सुसन्देश दिनको निम्ति । तर तिनीहरूले आफ्नो रिस पोख्याउदछन् अनि मात्र उहाँले काम गर्नुहुन्छ जस्तै परमेश्वरले जब इस्राएलीहरू बेबिलोनामा उहाँलाई पुकारेर पश्चाताप गरे उहाँले तिनीहरूको प्रार्थना सुन्नुभयो । उनीहरूले त्यहाँ ७० वर्ष बिताएका थिए । त्यसपछि यशैयालाई थाहा थियो कि, प्रार्थना गरेर पश्चाताप गरे भने उहाँले इस्राएलीलाई छुटकरा दिनु हुन्छ भने, त्यसपछि परमेश्वरले उनीहरूको प्रार्थना सुन्नुभयो र फेरि उनीहरूलाई पहिलेकै प्रतिज्ञाको मुलुकमा फर्काएर ल्याउनु भयो ।

के तपाईंलाई परमेश्वरले आफ्ना मानिसलाई यस प्रकारले प्रयोगमा ल्याउनु भएकोमा कुनै आपत्ति छ । तपाईंले के भन्नु भएको छ र के सोच्नु भएको छ । याद गर्नुहोस् उहाँ परमेश्वर हुनुहुन्छ, उहाँ मानिस होइन (रोमी ९:२०) उहाँले आफ्ना मानिसलाई सहायता गर्नुहुन्छ यदि त्यो व्यक्ति परमेश्वरको इच्छामा छ भने मात्र परमेश्वरले आफ्नो विचारलाई परिवर्तन गराउनुहुन्छ । तर म त्यहाँ बाँच्नुपर्ने हुन्छ ।

अझै एउटा बुँदा छ कि परमेश्वरको नजिक हुनको निम्ति ।

४) परमेश्वरले हामीलाई कहिल्यै अस्वीकार गर्नुहुँदैन- परमेश्वरले कहिल्यै पनि आलोचना गर्नु हुँदैन भजनसंग्रह लेखकले जस्तो अरू कसैले गर्न सक्दैन । "किनकि उहाँको क्रोध क्षणभरीको मात्र हुन्छ, तर उहाँको निगाह आजन्म रहन्छ आँसु रातभर मात्र बग्दछ तर बिहान आनन्द आउँदछ ।" (भजनसंग्रह ३०:५) सबैभन्दा महत्वपूर्ण कुरा परमेश्वरको हुनु भनेको हामी उहाँबाट कति नजिक छौं । हामी उडन्ते पुत्रजस्तै आफ्नो बाबुदेखि टाढा भए पनि उहाँले हामीलाई सधैं नजिक बोलाई रहनुहुन्छ । यशैयालाई यी सबै कुरा थाहाथियो त्यसैले उनले आफ्नो प्रार्थनामा यी शब्द बोल्दछन्, "यी सबै कुरा भएपछि हे परमप्रभु के तपाईं पछिपछि हट्नुहुन्छ ? के तपाईं चुपचाप बसेर हामीलाई नापभन्दा ज्यादै सजाय दिनुहुन्छ ?" (यशैया ६४:१६) यस्ता प्रश्नले परमेश्वरले आफ्ना मानिसलाई दुःखको बाटो भएर जान दिनुहुँदैन । उहाँले तितरबितर भएकालाई फेरि जम्मा गर्नुहुन्छ । किन हामी उहाँले भताभुङ्ग पार्नु हुन्न भन्ने बारेमा उहाँको शब्दलाई आफैले बोलेको हेरौ "के कुनै आमाले आफ्नो दूधे बालकलाई बिर्सन सक्छ र ? आफूले जन्माएको बालकलाई के त्यसले टिठाउ दिन र ? त्यसले बिर्सन पनि सक्छे, तर म तँलाई बिर्सन सक्दिन । हेर मैले तँलाई मेरो हत्केलामा खोपेको छु तेरा पर्खालहरू निरन्तर मेरै सामुन्ने छन् ।" (यशैया ४९:१५-१६)

यस्ता शब्दलाई पूरा गर्न किन हामीले यसलाई पूर्णरूपले परमेश्वरमा आत्मिक अर्थमा अगाडि बढ्न नसक्ने ? किन हामीले उहाँलाई आफूले गरेको प्रतिज्ञालाई सम्झना नगराउने ? उहाँको आत्मिकी अशिषलाई किन हामीले आफ्नो जीवनमा अनुभव नगर्ने ? किन यशैयाले मात्र आउनुस् प्रभु हामीले पर्खिरहेछौं भन्ने ? आउनुस् हामी पनि यशैयाले जस्तै प्रार्थना गरौं र उहाँको नजिकतामा जाऔं र उहाँलाई हामी तपाईंकै हौं हामीलाई लिनुहोस् नभन्ने ।

Roger Ellsworth Copyright 1988

"परमप्रभु नै परमेश्वर हुनुहुन्छ भनी जान उहाँले नै हामीलाई बनाउनु भयो, र हामी उहाँकै हौं । हामी उहाँका प्रजा र उहाँका खर्कका भेडाहरू हौं । उहाँका भवनका द्वारभित्र धन्यवादसाथ पस र प्रशंसा गर्दै उहाँको मन्दिरमा प्रवेश गर । उहाँलाई धन्यवाद चढाओ र उहाँको नाउको प्रशंसा गर ।" (भजनसंग्रह १००: ३ - ४)

बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

नियमित बाइबल पढ्ने बानी बसाऔं

कविता

खै के शीर्षक राखुँ ?

धेरै दिनपछि कविता कोर्दैछु
खै कहाँबाट सुरु गरौं
कसरी अन्त गरौं
शीर्षक के राखुँ ?
इज्जत राखौं भने विश्वासीको बेइज्जत भइसक्यो
आशा राखौं भने विश्वासीले के आशा गरेका छन् र ?
प्रेम राखौं भने खै कहाँ छ प्रेम ?
एकता को कुरै नगरौं
भरपर्ने कुरै न निकालौं
लौन साथी मलाई भनिदिनोस्,
म के शीर्षक राखौं ?
सत्य बोल्नु पर्छ भने भने म अचाडु हुन्छु
स्पष्ट कुरो राख्दा नमिल्ने हुन्छु
प्रार्थना गरौं भन्छु भने आडम्बरी हुन्छु
लौन भनिदिनुस् मैले के शीर्षक राखौं ।

क्रुसमा चढेको ख्रीष्टलाई हेर्ने बेला
हातमा हात मिलाएर सँगै जाने बेला
सुसमाचारको जुत्ता लगाउने बेला
लौन अब त, हुन लाग्यो अबेला ।
त्यसैले म आह्वान गर्छु
आउनुहोस् हातमा हात मिलाऊँ
बाटो सत्यको जीवनलाई पछ्याऊँ
अनि हामीले आसै आसा देख्नेछौं
तब पो हाम्रो हातबाट नयाँ कविता लेख्नेछौं ।
अनि, शीर्षकको के खाँचो
तपाईंलाई सबैले भन्नेछन् धन्यवाद
मलाई खै के शीर्षक राखुँ भन्नु नपरोस्

– दानबहादुर चौधरी, दाङ

मुक्तिका पाइला

'पश्चाताप गर्नुस् कि तपाईं पापी हुनुहुन्छ, पापले मृत्यु ल्याउँछ किनकि सबैले पाप गरेका छन र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्' (रोमी ३ : २३) 'किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैमा वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।' (रोमी ६ : २३) दुःखले तपाईंलाई पापबाट परमेश्वरसँग पश्चाताप गर्ने बनाउँदछ । 'दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।' (यशैया ४४ : ७) विश्वास गर्नु 'किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पाको निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।' (१ कोरिन्थी १५ : ३४) येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुहोस्, उहाँमा पश्चाताप गर्नुहोस् । 'किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ ।' (रोमी १० : ९) तब पत्रुसले तिनीहरूलाई भने, 'पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानहरूका निम्ति र टाढाटाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रो परमेश्वरले बोलाउनु हुन्छ । ... तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए ... । ' (प्रेरित २ : ३८ - ४१)

HHC, Vol 67 No. 9 (801)

विशेष धन्यवाद

पा. माधव पौडेल, एल्डर रामचन्द्र पौडेल, रुबी पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

स्थानीय वितरक

नवीन/सरला ढुङ्गाना तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, जनक कँडेल तथा आशिष / एस्टर कुमाल, टोकियो, जापान, विदुर परियार, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, सुमन शाक्य, बिरु गुरुङ तथा केदार तामाङ, मलेसिया, पावल राई, कतार, सी.पी. लोप्चन, काठमाडौँ, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौँ ।

प्रार्थना गरौं

- राष्ट्रिय ख्रीष्टियन महासंघ सबै ख्रीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका ख्रीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com